# आर्थिक वर्ष २०७७/२०७८ को बजेट वक्तव्य

## गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गोलबजार
## प्रदेश नं. २
## गोलबजार, सिरहा

# गोलबजार नगरपालिकाको चौथो नगर सभामा २०७७ असार १० गते बुधवार नगर उप-प्रमुख श्री रेशम कुमारी थापाज्यूले प्रस्तुत गर्नु भएको बजेट वक्तव्य

यस नगर सभाका अध्यक्षज्यु,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगर सभाका सदस्यज्यूहरु ।

१. गोलबजार नगरपालिकाको नगर उप-प्रमुखको हैसियतले यस नगर सभामा अगामी आर्थिक वर्ष २०७७।०७८ को बजेट प्रस्तुत गरिरहँदा मलाई अत्यन्त खुशी लागेको छ । यस महत्वपूर्ण अवसरमा मुलकलाई संघिय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउन जीवन अर्पण गर्नुहुने सम्पूर्ण महान शहीदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । साथै शहीद परिवार प्रति सम्मान प्रकट गर्न चाहन्छु ।

२. मुलुकले हासिल गरेको महत्वपूर्ण राजनीतिक उपलब्धीबाट अधिकार सम्पन्न यस स्थानीय सरकार नगरवासीको विकास र समृद्धिको तीव्र अकांक्षालाई पुरा गर्ने मार्गमा दृढताको साथ अघि बढेको छ । यस क्रममा सामाजिक न्याय, समतामूलक समाजको निर्माण, सुशासनको प्रत्याभूति, जनउतरदायी नगर र सभ्य एवं सु-संस्कृत समाज निर्माण गर्दै पूर्ण लोकतन्त्र मार्फत समृद्ध नगर निर्माणका लागि यो सरकार प्रतिबद्ध छ ।

३. चालु आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनबाट विकास र समृद्धिको आधार निर्माण भई गरिवी निवारण, रोजगारी सिर्जना तथा नागरिकको जीवनस्तरमा गुणात्मक सुधारको अपेक्षा लिएको छु ।

४. अगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा संविधान र कानुनहरु, नेपाल सरकार, प्रदेश सरकार र गोलबजार नगरपालिकाको नीति तथा कार्यक्रम, क्षेत्रगत नीतिहरु र दिगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु । बजेट तर्जुमाको क्रममा राजस्व परामर्श समिति, संघसंस्था, विद्धतवर्ग र नगरवासीबाट प्राप्त रचनात्मक सुझावहरुलाई ध्यान दिएको छु ।

५. कोभिड-१९ रोगको विश्वब्यापी महामारीको प्रकोपबाट हाम्रो मुलुक नेपाल पनि तिव्ररुपमा प्रभावित भैरहेको र यस रोगको प्रकोप नियन्त्रण गर्ने कार्य अति नै चुनौतीपुर्ण रहेको कुरा आम नागरिकलाई विदितै छ र यस रोगको संभावित संक्रमणको रोकथाम तथा नियन्त्रण गर्ने दायित्व स्थानीय सरकारको पनि रहेकोले, उक्त रोगबाट प्रभावित भएका र प्रभावित हुनसक्ने नागरिकहरुको जिउ ज्यानको रक्षाका निम्ति सुरक्षित आवाश(क्वारेन्टिन) तथा औषधी उपचारको उचित ब्यवस्थापनमा बिशेष ध्यान दिएको छु ।

६. अव म अगामी आर्थिक वर्ष २०७७।०७८ को बजेटका उद्धेश्य, प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. बजेटका उद्धेश्यहरु निम्नानुसार रहेको छ ।

- नगरपालिकाबाट प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।
- समतामूलक र समृद्ध नगरको निर्माण गर्ने ।
- दीगो विकासको मर्म अनुरुप भौतिक पूर्वाधारको विकास गर्ने ।
- स्थानीय श्रोत साधनमा सवैको पहुँच कायम गरी न्यायोचित वितरण गर्ने ।
- सामाजिक न्याय सहितको आर्थिक विकास कायम गर्ने ।

८. **यी उद्देश्य हासिल गर्न देहाय बमोजिमको प्राथमिकताहरु निर्धारण गरिएका छन् ।**

- भौतिक पूर्वाधारको निर्माण ।
- रोजगारी सिर्जना र आयमा वृद्धि ।
- गाउँगाउँमा सडक संजालको निर्माण एवं विस्तार ।
- गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सिचाँई, कृषि क्षेत्रको विकास ।
- लक्षित वर्गको सशक्तीकरण ।
- सुशासन, पारदर्शिता र सेवा प्रवाहमा गुणात्मक सुधार ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू,**

९. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**भौतिक पूर्वाधार**

१०. **नगरको समृद्धिको आधार, भौतिक पूर्वाधार निर्माण** को मूल उद्धेश्यका साथ विकासको मेरुदण्ड सडक सन्जाल र शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भुमिकालाई आत्मसात गर्दै पक्की सडक निर्माण गर्न वडागत तथा नगरस्तरीय योजना संचालन गरिनेछ । नेपाल सरकारको वस्ति विकास तथा भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गरी सुन्दर हराभरा र व्यवस्थित नगरको विकास गरिनेछ। नगरपालिकाको सुविधा सम्पन्न कार्यालय भवन निर्माण कार्यलाई पुर्णता दिईनेछ। यसका लागि भौतिक पूर्वाधार तर्फ रु २५ करोड ७७ लाख विनियोजन गरेको छु ।

**आर्थिक विकास**

११. **व्यवसायिक कृषि, नगरको समृद्धि** मूल उद्धेश्यका साथ कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रिकीकरण, आधुनिकीकरण तथा बजारीकरण गर्दै लगिनेछ । कृषि पेशालाई मर्यादित र आकर्षक पेशाको रुपमा विकास गरिनेछ । तुलनात्मक एंव प्रतिस्पर्धात्मक लाभको क्षेत्र पहिचान गरी विभिन्न खाद्य वस्तुहरु र तरकारी लगायत अन्य क्षेत्रलाई पकेट क्षेत्र निर्धारण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ। नगर क्षेत्र भित्र तरकारी, फलफुल, माछा, मासुको गुदरी वजारलाई सुविधायूक्त कृषि उपज बजार निर्माण गरिनेछ। कृषि सिंचाईको विकासको लागि साना सिंचाई कार्यक्रम लागु गरिनेछ। कृषि क्षेत्रको समग्र विकासको लागि नगर प्रमुख कृषि परियोजना कार्यक्रम संचालन गरिनेछ। पर्यटन, उधोग तथा व्यापारको प्रवर्द्धन गर्न निजी क्षेत्रसँगको सहकार्यमा विभिन्न कार्यकम संचालन गरिनेछ। यसका लागि आर्थिक विकास तर्फ रु २ करोड ३२ लाख ६० हजार विनियोजन गरेको छु।

**सामाजिक विकास**

१२. सामाजिक विकासको मेरुदण्डको रुपमा रहेको शिक्षा र स्वास्थ्य क्षेत्रको विकासको लागि योजनावद्ध रुपमा विशेष कार्यक्रम गरिनेछ । "सवैका लागि शिक्षा" भन्ने नाराका साथ विद्यालय क्षेत्र विकास कार्यक्रम तदारुकताका साथ लागु गरिनेछ। शिक्षालाई गुणस्तरीय वनाउन, जनशक्तिलाई प्रतिस्पर्धात्मक वनाउन र सामुदायिक एवं निजी विद्यालयहरुको बीचको भिन्नता कम गर्न विशेष कार्यक्रम संचालन गरिनेछ। प्राविधिक तथा प्रविधिमैत्री शिक्षा, तालिम र प्रशिक्षणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ। विद्यालयहरुको पूर्वाधार सुधारमा विशेष जोड दिएको छु। विपन्न छात्राहरुको शिक्षामा पहुच अभिवृद्धि गर्न पोशाक, पाठ्य सामाग्री, छात्रवृत्ती उपलब्ध गराइनेछ। खेलकुद क्षेत्रको समग्र विकास र प्रर्वद्धनको लागि कार्यक्रम संचालन गरिनेछ।

कोभिड-१९रोगको प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी ढंगले संचालन गरिनेछ । प्राथमिक स्वास्थ्य सेवा, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको स्तरोन्नती तथा सेवा विस्तारका कार्यक्रम संचालन गरिनेछ । आयुर्वेद चिकित्सालयहरु, औषधी उपचार, तथा आयुर्वेद सेवा कार्यक्रम संचालन गरिनेछ । मानव स्वास्थ्यमा योगको ठुलो महत्व हुने हुँदा योग शिक्षा तथा योग शिविर संचालन गरिनेछ। अपाङ्ग नागरिकहरुको जीवनयापन सहज तुल्याउन जोड दिइनेछ। घरेलु हिंसा लगायत अन्य हिंसावाट पीडित महिलाहरुको लागि विशेष कार्यक्रम संचालन गरिनेछ । यूवाहरुलाई लक्षित गरी खेलकुद विकासका कार्यक्रमहरु संचालन गरिनेछ । यूवाहरुलाई सीपमूलक तालिम, प्रशिक्षण लगायतका स्वरोजगारका कार्यक्रमहरु संचालन गरिनेछ। यसका लागि सामाजिक विकास तर्फ रु २० करोड ०७ लाख ५० हजार विनियोजन गरेको छु।

**आदरणीय नगर सभाका अध्यक्षज्यू,**

**वातावरण तथा प्रकोप व्यवस्थापन**

१३. नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । यसलाई व्यवहारमा कार्यान्वयन गर्न फोहोरमैलाको उचित व्यवस्थापन गरी वातावरण तथा

पर्यावरण संरक्षण, जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न कार्यक्रमहरु संचालन गरिनेछ । सरोकारवाला निकाय, संघ संस्था, निजी तथा सरकारी वा गैह्र सरकारी संस्थाहरु सँग समन्वय एवं साझेदारी गरी नगर भित्रको फोहोर मैलाको उचित व्यवस्थापन गरिनेछ । यसका लागि वातावरण तथा प्रकोप व्यवस्थापन तर्फ रु १ करोड विनियोजन गरेको छु ।

**मानव संसाधन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

१४. नगरपालिकाको न्यायिक समितिलाई सवल वनाई नागरिक तथा स्थानीय मुद्धाहरुको सम्बोधन गर्न र न्यायमा सहज र सुलभ पहुँच अभिवृद्धी गर्न न्यायिक समितिलाई प्रभावकारी वनाइनेछ । जनशक्ति विकास, संगठनात्मक संरचना, सुचनामैत्री कार्य सम्पादन र प्रभावकारी सेवा प्रवाहमा जोड दिएको छु । संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि संगठन संरचनाको पुनर्गठन गरिनेछ । कर्मचारीको गठन, संचालन र सेवासुविधा सम्बन्धी कानुन निर्माण गरिनेछ । सदाचारिता नीति तर्जुमा गरि सुशासन प्रवर्द्धन गरिनेछ । कर्मचारीको क्षमता विकासमा विशेष जोड दिइनेछ । यसका लागि रु ७५ लाख विनियोजन गरेको छु ।

**आदरणीय अध्यक्षज्यू एवं नगरसभाका सदस्यज्यूहरु,**

१५. अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१६. अगामी आर्थिक वर्षको लागि रु. **७५,४०,७८,६६१।- (अक्षरेपी रु. पचत्त्हत्तर करोड चालिस लाख अठहत्तर हजार छ सय एकसठी**) विनियोजन गरेको छु ।

**कुल विनियोजन मध्ये चालुतर्फः -** ५३ दशमलव १० प्रतिशत( ३९ करोड २८ लाख ३० हजार)

- नगरपालिकाको चालु-रु.१४,९९,३०,०००।- ( १४ करोड ९९ लाख ३० हजार)
- सर्शतको चालु - रु.२४,२९,००,०००।-( २४ करोड २९ लाख )

**पुँजीगत तर्फः-** ४६ दशमलव ५८ प्रतिशत (३५ करोड १२ लाख ४८ हजार ६६१)

- नगरपालिकाको पुँजिगतः- १८ करोड ५७ लाख ६८ हजार ६६१
- सर्शत तर्फको पुँजिगत :- १६ करोड ५४ लाख ८० हजार

१७. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये राजस्वबाट **रु ४ करोड १९ लाख २९ हजार**, वित्तीय समानीकरण तर्फ नेपाल सरकार बाट **रु. १४ करोड ९१ लाख** र प्रदेश सरकारबाट **रु.७५ लाख ५२ हजार** तथा केन्द्रिय राजस्व बाँडफाडबाट **रु. १० करोड २१ लाख ७० हजार ११०,** मालपोत बाँडफाँडबाट **रु. १ करोड**, नेपाल सरकारबाट प्राप्त विशेष अनुदान रु. **१ करोड,** प्रदेश सरकारबाट प्राप्त रकम **रु १ करोड ४४ लाख ८० हजार**, यस वर्षको बचत हुने रकम ( फ्रिज नभई बाँकी रहेको रकम) **रु**

**४ करोड**, संघबाट प्राप्त सर्शत अनुदान **रु ३६ करोड १४ लाख** गरी जम्मा कुल रकम **रु. ७५ करोड ४० लाख ७८ हजार ६६१** जुटाईनेछ ।

१८. अव म अगामी आर्थिक वर्ष ०७७०७८ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१९. राजस्व नीतिको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

क. करको दायरा विस्तार गर्ने ।

ख. करदातामैत्री प्रशासन र करदातालाई स्वतस्फूर्त कर तिर्न प्रोत्साहन गर्ने ।

ग. राजस्व सुधार योजना तथा कार्ययोजना बमोजिम आन्तरिक श्रोतको अभिवृद्धि गर्ने ।

घ. करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउने ।

ङ. उद्योग र व्यवसायमैत्री कर प्रणालीको विकास गर्ने ।

**नगर सभाका सदस्यज्यूहरु,**

२०. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट श्रोत र साधनको अधिक्तम उपयोग र समन्यायिक वितरण भई यस नगर क्षेत्रको दिगो र उच्च आर्थिक वृद्धिको जग मजवूत हुने अपेक्षा गरेकोछु । सार्वजनिक सेवाको प्रभावकारिता एवं गुणस्तर अभिवृद्धि भई सुशासन प्रवर्द्धन हुने विश्वास लिएको छु । आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार निर्माण, कृषि, शिक्षा, स्वास्थ्य, सिचाँई क्षेत्रको विस्तार मार्फत रोजगारी सिर्जना, आयमा वृद्धि भई गरिबी न्यूनिकरणमा प्रत्यक्ष टेवा पुऱ्याउने अपेक्षा गरेको छु ।

२१. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू एवं वडाध्यक्षज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी राजनीतिकदल, निजीक्षेत्र, सहकारीक्षेत्र र नागरिक सामाजका व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२२. आगामी वर्षको यो बजेट कार्यन्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा राखेको छु । गोलबजार नगरक्षेत्रको विकास र समृद्धिको यस महान यात्रामा सहभागी हुन सम्पूर्ण नगरवासीहरुलाई आह्वान गर्दछु ।

**धन्यवाद ।**